बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०८१/०८२

चलानी नं:- ९० 

मितिः२०८१/०५/११

विषय : सिफारिस सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

.........भक्तपुर......................................... ।

उपर्युक्त विषयमा सामाजिक विकास मन्त्रालय, हेटौंडाको च.नं. १६० मिति २०८१/०५/०७ को पत्रानुसार "नेपाल विद्याविभुषण, नेपाल प्रविधि विद्याविभूषण नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका, २०७७" को दफा २० को उपदफा (३) ख र ग मा "प्रदेश भित्रका निजी लगानीका विद्यालयका शिक्षक, कर्मचारी र संस्थापक मध्येबाट (प्रत्येक क्षेत्रबाट कम्तिमा एक जना पर्ने गरी) बढीमा पाँच जना र सामुदायिक विद्यालयका कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रारम्भिक बाल विकास तथा शिक्षा सहजकर्ता मध्येबाट (प्रत्येक क्षेत्रबाट एकजना पर्ने गरी) बढीमा पाँच जना" प्रदेशको शिक्षा सम्बन्धी विषय हेर्ने सामाजिक विकास मन्त्रालयले सिफारिश गर्ने व्यवस्था भए बमोजिम तपसिलका आधारमा छनौट गरी मिति २०८१/०५/१४ गते भित्र यस निर्देशनालयमा आइपुग्ने गरी सिफारिश गर्नुहुन अनुरोध छ ।

<u>तपसिलः</u> छनौटका आधारहरु

नेपाल विद्याविभूषण, नेपाल प्रविधि विद्याविभुषण नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका, २०७७" को अनुसुची-४ (२) बमोजिमः

क) कर्मचारीः

अ) अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिन,

आ) विद्यालय सेवा अवधि,

इ) राम्रो आचरण भएको भनी विद्यालय व्यवस्थापन समितिले गरेको सिफारिस

ख) विद्यालय व्यवस्थापन समिति पदाधिकारीः

अ) विद्यालयको समग्र नतिजा स्थानीय तहभित्र तुलनात्मक रुपमा राम्रो रहेको,

आ) व्यवस्थापन समितिको बैठकको नियमितता विद्यालय सञ्चालन र व्यवस्थापनमा, क्रियाशिलता राम्रो रहेको भनी स्थानीय तहले गरेको सिफारिस

........................

दिपेन्द्र सुवेदी

( महानिर्देशक )

फोन नं. ०५७-५२७१०४ (परीक्षा), ०५७-५२७१०५(सूचना अधिकारी) ०५७-५२७१०६(कार्यालय प्रमुख),

इमेलः edd.bagamati@gmail.com वेवसाइटः edd.bagamati.gov.np